म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्क:- १०९ २०८२ फागुन २८ गते बिहिबार 12 March 2026, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## बन्द भए निर्वाचनसम्बन्धी इकाइहरू

काठमाडौं : मतगणना सकिएसँगै निर्वाचनसम्बन्धी इकाइहरु बन्द भएका छन् । प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ लाई लक्षित गरी निर्वाचनको समग्र व्यवस्थापन, सूचना प्रवाह, समन्वय तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन निर्वाचन आयोगले विभिन्न विशेष इकाइ तथा समन्वय केन्द्रहरू स्थापना गरेको थियो । ती इकाइहरू बन्द गरिएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन प्रक्रियासँग सम्बन्धित सूचनाको प्रभावकारी सम्प्रेषण, सरोकारवाला निकायबिच समन्वय तथा मतदाता र सर्वसाधारणलाई आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले आयोगले २०८२ पुस ११ गतेदेखि निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र स्थापना गरेको थियो ।

### प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२

# स्थानीय सरकारको पनि मूल्यांकन हो ?

समाज संवाददाता

हेटौंडा : २०८२ फागुन-२१ को निर्वाचन प्रतिनिधिसभा सदस्य चयनका लागि भएको हो । निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक हुँदा नयाँ दलको रुपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले दुइतिहाइ मत प्राप्त गरेको छ । जेन जी आन्दोलनपछि संघीय सरकार विघटन भएसँगै ताजा जनादेशका लागि प्रतिनिधिसभा विघटन गरेपछि फागुन-२१ को निर्वाचन तय भएको हो । फागुन-२१ को निर्वाचन प्रतिनिधिसभा सदस्य चयनका लागि भए पनि यसबाट स्थानीय सरकारहरुको पनि मूल्यांकन हुन सक्छ कि सक्दैन ?

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि २ वटा क्षेत्र रहेको मकवानपुर जिल्लामा १० वटा स्थानीय तह छन् । १० वटा पालिकामध्ये ५ वटा पालिका बकैया, मकवानपुरगढी, कैलाश, राक्सिराङ र मनहरी गाउँपालिकामा नेपाली काँग्रेसबाट उम्मेद्वार बनेर विजयी भएका प्रतिनिधि छन् । यस्तै ३ वटा पालिका हेटौँडा उपमहानगरपालिका, थाहा नगरपालिका र बागमती गाउँपालिकामा नेकपाका प्रमुखहरु छन् । २ वटा पालिका भीमफेदी र इन्द्रसरोवर गाउँपालिका भने नेकपा एमालेबाट उम्मेद्वार बनी विजयी प्रतिनिधि छन् । यता उपप्रमुखतर्फ पनि नेकपाबाट उम्मेदवार बनेर विजयी भएका ५ वटा पालिकामा छन् । बकैया, मकवानपुरगढी, मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकामा नेकपाका उपप्रमुख छन् । हेटौँडा उपमहानगर, थाहा नगर, बागमती गाउँपालिका र भीमफेदी गाउँपालिकामा नेपाली काँग्रेसका उम्मेद्वार उपप्रमुख छन् । इन्द्रसरोवर गाउँपालिकामा भने नेकपा एमालेको उम्मेदवार उपप्रमुख छन् ।

पालिकाका प्रमुख र उपप्रमुखसहित अधिकांश वडामा पनि नेपाली काँग्रेस, नेकपा एमाले र नेकपाका उम्मेद्वार स्थापित रहँदा पनि फागुन २१ गतेको निर्वाचनमा अधिकांश मतदाताले नयाँ दललाई मत दिएका छन् । मत परिणाम हेर्दा पनि परम्परागत दल र रास्वपाबीच उल्लेखनीय मतान्तर देखिन्छ ।

२०७९ सालमा सम्पन्न स्थानीय तह निर्वाचनमा अधिकांश पालिकामा गठबन्धन बनेर नेपाली काँग्रेस, तत्कालिन नेकपा माओवादी केन्द्र, तत्कालिन नेकपा समाजवादीका उम्मेदवार विजयी भएका थिए । तर अहिलेको निर्वाचन परिणामले ती दलप्रति जनताको विश्वास घट्दै गएको संकेत गरेको विश्लेषण गरिएको छ । लामो समयदेखि स्थानीय तहमा सक्रिय राजनीतिक दलका समर्थक मतदातासमेत यसपटक परिवर्तनको अपेक्षासहित नयाँ दलतर्फ आकर्षित भएको देखिन्छ ।

फागुन-२१ को निर्वाचनमा प्रस्तुत भएको मत प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेद्वारको मात्रै नभई तीनै तहका सरकारप्रति जनताको मत भएको वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्ले बताउनुहुन्छ । पालिका, प्रदेश र संघीय सरकारमा बसेकाहरु जिम्मेवार र जवाफदेही नहुनुको परिणाम फागुन-२१ को निर्वाचनमा प्रकट भएको वरिष्ठ अधिवक्ता काफ्लेको भनाइ छ । निर्वाचन कार्यक्रमअन्तर्गत मतदान हुनुअघि मौन अवधिमा केही क्षेत्रमा स्थलगत अवलोकनको क्रममा मतदाताको मनस्थिति भन्दा मतदानको दिन स्पष्ट र उल्लेख्य परिवर्तन भएको काफ्लेले बताउनुभयो ।

'पुराना दलहरुप्रति आम नागरिकको चरम निराशाको संकेत पछिल्लो जनमतले देखाउँछ', वरिष्ठ अधिवक्ता काफ्लेले भन्नुभयो, 'प्रतिनिधिसभा सदस्य निर्वाचनको मत परिणामले आम जनता प्रदेश र स्थानीय सरकारबाट पनि नागरिक असन्तुष्ट छन् भन्ने बुझाउँछ ।' जनमत यस्तो आउँछ भन्ने आफूहरुले पनि अनुमान गर्न नसकेको उल्लेख गर्नुहुँदै काफ्लेले भन्नुभयो, 'आम नागरिकले आधारभूत सेवा, सुविधाको अपेक्षा गरेका छन् । सुशासनको प्रत्याभूति, भ्रष्ट्राचार मुक्त स्मार्ट सेवा प्रवाहमा ध्यान दिनु पर्छ ।'

निर्वाचन परिणामले जनताले सेवा प्रवाह, सुशासन र लोकतन्त्रप्रति सम्मान खोजेको सन्देश दिएको टिप्पणी गरिएको छ । पटक-पटक सरकार परिवर्तन भइरहँदा पनि अपेक्षित सुधार नदेखिँदा जनतामा निराशा र असन्तुष्टि बढ्दै गएको विश्लेषण गरिएको छ । पुराना दलले आफूलाई सधैँ विकल्पहीन ठान्ने प्रवृत्ति देखाएको, युवापुस्ताको भावना नबुझ्ने, भ्रष्टाचारप्रति कडा कदम नचाल्ने तथा सत्ताकेन्द्रित राजनीति गर्ने प्रवृत्तिप्रति जनताले मतपत्रमार्फत 'अब होइन' भन्ने सन्देश दिएको बुझाइ छ । मकवानपुरको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लका अनुसार जनताले अहिले परिवर्तन चाहेको देखिएको छ । उहाँ २०७९ सालको स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट विजयी हुनुभएको हो ।

मल्लका अनुसार हालको निर्वाचन परिणाम मुख्यतः संघीय सरकारप्रति जनतामा बढेको असन्तुष्टिको परिणाम हो । संघीय संरचना, सेवा सुविधा, खरिद प्रक्रिया तथा सरकार परिवर्तनका विषयमा देखिएको असन्तुष्टिले नयाँ दललाई मत दिएको उहाँको भनाइ छ । उहाँका अनुसार स्थानीय सरकारप्रति भन्दा पनि संघीय सरकारप्रति जनताको आक्रोश बढी देखिएको छ । भदौ २३ र २४ गते भएको आन्दोलन पनि स्थानीय सरकार परिवर्तनका लागि नभई संघीय सरकार प्रति लक्षित रहेको उहाँको भनाइ छ । २०८४ सालको स्थानीय तह निर्वाचनमा भने जनताले प्रतिनिधिको कामका आधारमा मत दिने मल्लको विश्वास छ । स्थानीयस्तरमा गरिएको कामको मूल्याङ्कन गर्दै मतदाताले निर्णय गर्ने उहाँको भनाइ छ ।

पूर्वी मकवानपुरको बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले पनि जनताका अपेक्षा पूरा गर्न नसक्दा मत घटेको बताउनुभयो । संघीय सरकारमा रहेका दलहरूले संविधान संशोधनलगायत महत्वपूर्ण विषयमा काम गर्न नसक्दा जनतामा पार्टीप्रति विश्वास घट्दै गएको उहाँको भनाइ छ । स्थानीय तहले गर्न खोजेका विकासका कामहरू माथिल्लो तहमा पुग्दा प्रक्रिया जटिल हुने र ढिलाइ हुने भएकाले पनि जनतामा असन्तुष्टि बढेको उहाँले बताउनुभयो । उहाँ २०७९ सालको स्थानीय तह निर्वाचनमा कांग्रेस-माओवादी गठबन्धनबाट अध्यक्षमा निर्वाचित हुनुभएको थियो । जनतासँग सामान्य कुराकानी गर्दा पनि 'एकपटक नयाँलाई अवसर दिने' धारणा धेरैले व्यक्त गरेको उहाँले सुनाउनुभयो । आगामी स्थानीय तह निर्वाचनमा भने जनताले प्रतिनिधिको काम हेरेर विश्वास गर्ने उहाँको भनाइ छ ।

यता मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिनले भने अहिलेको अवस्थामा मतदाताले कामभन्दा पनि परिवर्तनको भावना बढी देखाएको बताउनुभयो । 'जनताले परिवर्तन चाहेका बेला राम्रो काम गरे पनि भोट नपाउने अवस्था देखिन्छ', उहाँले भन्नुभयो । २०७९ सालको स्थानीय तह निर्वाचनमा माओवादी केन्द्रसँगको गठबन्धनबाट उपाध्यक्षमा निर्वाचित पाखिनले आगामी दिनमा जनताले जे निर्णय गरे पनि स्वीकार गर्ने बताउनुभयो । उहाँले आफ्नो जिम्मेवारीअनुसार काम गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# हेटौँडामा अन्य जिल्लाबाट बसाइँ सरी आउने बढे

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्र डेढ वर्षको अवधिमा करिब दुई हजार परिवारले बसाइँसराइ गरेका छन् । यस अवधिमा हेटौँडा उपमहानगरपालिकाका विभिन्न वडाहरुमा १ हजार ९ सय ९८ परिवारले बसाइँसराइ गरेका हुन् ।

अन्य जिल्ला, पालिकाहरु तथा उपमहानगरपालिकाकै एक वडाबाट अर्को वडामा गरी १ हजार २ सय ४४ परिवारका ३ हजार ८ सय ३६ जना बसाइँ सरेर भित्रिएका छन् । यस्तै, ७ सय ५४ परिवारका २ हजार ३७ जना उपमहानगरपालिकाबाट अन्यत्र बसाइँ सरेर गएको उपमहानगरपालिकाको तथ्याङ्क छ । बसाइँसराइ गरी बाहिरिने भन्दा उपमहानगरमा भित्रिने संख्या बढी रहेको तथ्याङ्कले देखाएको छ ।

हेटौँडामा बसाइँ सरी आउनेमा सिन्धुपाल्चोक, बझाङ, धादिङ, कास्की, ओखलढुङ्गा, तनहुँ, बाग्लुङलगायत तराइका जिल्लाहरु सुनसरी, सिराहा, पर्सा, बारा, रौतहट, सर्लाहीका धेरै रहेका छन् । हेटौँडाबाट बसाइँ सरेर जानेहरुमा चितवन, काठमाडौं, बाँके, काभ्रेपलाञ्चोक, भक्तपुर, सिन्धुली, झापालगायतका जिल्लाहरुमा जानेको संख्या बढी रहेको उपमहानगरपालिकाले जनाएको छ । यस अवधिमा उपमहानगरपालिकाको वडा नम्बर ८ मा बसाइँसराइ गरी आउनेको संख्या सबैभन्दा बढी देखिएको छ । यस वडामा बसाइँसराइ गरी आउनेहरु अधिकांश तराइका जिल्लाबाट आएका छन् । यस वडामा डेढ वर्षमा १ सय ४६ परिवारका ४ सय ७८ जना सदस्यहरु बसाइँ सरी आएको तथ्याङ्क छ ।

यस्तै, हेटौँडाको मुटुमा रहेको वडा नम्बर ४ मा पनि बसाइँसराइ गरी आउनेको संख्या अन्यत्रभन्दा उच्च छ । यस वडामा १ सय ४० परिवारका ३ सय ७२ सदस्यहरु बसाइँसराइ गरी भित्रिएका छन् । यस वडामा विशेषगरी हेटौँडा आसपासका गाउँपालिकाहरु तथा उपमहानगरकै बाहिरी ग्रामीण वडाहरुबाट बसाइँ सरी आएको तथ्याङ्कले देखाएको छ । अघिल्लो आर्थिक वर्षभरिमा ८ सय २५ परिवारका २ हजार ५ सय १२ जना हेटौँडामा बसाइँसराइ मार्फत भित्रिएका थिए भने जम्मा ४ सय ८२ परिवारका १ हजार २ सय ७५ जना हेटौँडाबाट बाहिरिएका थिए । यस आर्थिक वर्षको ७ महिनाभित्रै ४ सय १९ परिवारका १ हजार ३ सय २४ जना बसाइँसाइ गरी आएका छन् । यसै अवधिमा २ सय ७२ परिवारका ७ सय ६२ जनाले हेटौँडा छोडेर बाहिरिएको उपमहानगरले जनाएको छ ।

हेटौँडा उपमहानगरपालिका बागमती प्रदेशको राजधानी भएसँगै अस्पताल, शैक्षिक संस्था, सडकलगायतका पूर्वाधारका सुविधा बढेसँगै बसाइँसराइ बढेको उपमहानगरपालिकाका सामाजिक विकास महाशाखाका प्रमुख भीमप्रसाद तिमल्सिनाले बताउनुभयो । उहाँका अनुसार हेटौँडाका वडा नम्बर ७ र ८ मा तराइबाट बसाइँ सरी आउनेको संख्या बढिरहेको छ । बजार क्षेत्रबाट नजिकै र थोरै बाहिर रहेका यी वडाहरुमा बसाइँ सरी आउनेहरुको आकर्षण बढेको समेत उहाँले उल्लेख गर्नुभयो ।

नेपाल सरकारले विसं २०७१ मंसिर १६ गतेको निर्णयबाट तत्कालीन हेटौँडा नगरपालिकालाई हेटौँडा उपमहानगरपालिकामा रुपान्तरण गरेको थियो । हेटौँडा नगरपालिकाका साविकका वडाहरुसहित साविकको बसामाडी, पदमपोखरी, चुरियामाई, हटिया र हर्नामाडी गाविसहरु जोडेर हेटौँडा उपमहानगरपालिका घोषणा गरिएको थियो । राष्ट्रिय जनगणना २०७८ अनुसार हेटौँडाको जनसंख्या १ लाख ९३ हजार ५ सय ७६ जना रहेको छ भने यहाँ ४६ हजार ५सय ६६ घरधुरी रहेका छन् ।

# वारुणयन्त्र व्यवस्थित बनाउँदै हेटौँडा उपमहानगरपालिका

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले आगलागी नियन्त्रणका लागि वारुणयन्त्र सेवालाई व्यवस्थित बनाउँदै लगेको छ । आगलागीको मौसम सुरु भइरहँदा आगलागीबाट हुने क्षति न्यूनीकरण गर्न उपमहानगरपालिकाले वारुणयन्त्र सेवालाई व्यवस्थित बनाउँदै लगेको हो ।

हाल उपमहानगरपालिकासँग दुईवटा वारुणयन्त्र सञ्चालनमा रहेका छन् । यी वारुणयन्त्र सञ्चालनका लागि ३ जना चालक, १३ जना अग्निनियन्त्रक र सहयोगीहरु २४ सै घन्टा तयारी अवस्थामा रहने उपमहानगरपालिकाकी वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख सत्यदेवी अधिकारीले जानकारी दिनुभयो । गर्मी तथा सुख्खा मौसम सुरु भएसँगै आगलागीका घटना बढ्ने भएकोले उपमहानगरपालिकाले आफ्नो आधिकारिक वेबसाइटमार्फत आकस्मिक वारुणयन्त्र सेवा प्राप्त गर्न सूचना तथा सम्पर्क नम्बरहरु उपलब्ध गराएको उहाँले जानकारी दिनुभयो ।

कतै आगलागीको घटना भएमा फोन नं ५२०६७७ मा सम्पर्क गरी जानकारी गराउन सकिने महाशाखाले जानकारी दिएको छ । वारुण यन्त्र सुविधालाई सहज र अझै आधुनिक तवरले व्यवस्थापन गर्न उपमहानगरपालिकाले १० लाख बजेट विनियोजन गरेको महाशाखा प्रमुख अधिकारीले बताउनुभयो । यो बजेटले यस वर्षदेखि अग्निनियन्त्रक कर्मचारीहरुले आफ्ना सुरक्षा सामग्री लगायतका व्यवस्थापनमा खर्च गरिने उहाँले स्पष्ट पार्नुभएको छ ।

अघिल्लो आर्थिक वर्षमा उपमहानगरपालिकाभित्र १ सय स्थानमा डढेलो, २६ वटा घर तथा गोठमा आगलागी, एउटा सवारी साधनमा आगलागी, १५ वटा बिजुलीको पोल तथा १६ वटा स्थानमा सामानमा गरी १ सय ५६ वटा आगलागीका घटनामा उपमहानगरपालिकाले आगो निभाउन वारुणयन्त्रको सहायता प्रदान गरेको थियो । यस्तै, चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्म १८ वटा घर गोठ, ९ स्थानमा डढेलो, एउटा सवारी साधन तथा १२ वटा बिजुलीको पोलमा आगलागी सहित ४० वटा आगलागीका घटना हुँदा उपमहानगरले आफ्नै वारुणयन्त्र मार्फत आगो निभाएको वारुणयन्त्र सेवा इन्चार्ज दिनेश राईले जानकारी दिनुभयो । सुख्खा तथा हावाहुरीको मौसम सुरु हुँदै गरेको अवस्थामा आगलागीका घटना अत्याधिक हुने हुनाले सचेत हुन पनि उहाँले सबैलाई आग्रह गर्नुभएको छ ।


## कम्पनिको नाम परिवर्तन गरिएको बारे सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको श्री एम. एस. पी. सर्भिसेज प्रालि (दर्ता नं. ३६३८३५/०८१/०८२) को साविक नाम परिवर्तन भई अब उपरान्त श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज प्रालि कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भइसकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज प्रालि**



## सम्पादकीय

# संग्रहालयको पूर्णता

नेपाल जाति, भाषा, धर्म र संस्कृतिमा विविधता भएको देश हो । नेपालमा १४२ जातजाति, १२४ भाषा र १० भन्दा बढी धर्म मान्ने मानिसहरु बसोबास गर्छन् । जाति, भाषा र धर्ममा भएको विविधताले हाम्रो संस्कृति, रीतिरिवाज, परम्परा पनि विभिन्न प्रकारका छन् । मुलुकका हरेक जातिको आ-आफ्नै संस्कृति, रहनसहन र परम्परालाई संरक्षण गर्नु आवश्यक छ । जातीय परम्परा र पहिचानका सामग्रीहरुको उचित संरक्षण गर्न जातीय संग्रहालयहरु महत्वपूर्ण हुनसक्छ । विभिन्न जातिका अगुवाहरु यस्ता संग्रहालय निर्माणका लागि जागरुक पनि भइरहेका छन् । मकवानपुर, चितवन, धादिङ र गोरखा जिल्लामा बसोबास गर्ने चेपाङ जातिको पहिचान र विभिन्न सामग्री संरक्षण एवम् जानकारी प्रदान गर्न मकवानपुरको राक्सिराङमा चेपाङ संग्रहालय निर्माण गरिएको छ । तामाङ जातिको बाहुल्य रहेको मकवानपुरमा तामाङ संग्रहालय निर्माणका लागि केही वर्षदेखि पहल गरिएको भए पनि सार्थकता पाउन सकेको छैन ।

३ वर्ष अधिबाट हेटौंडामा निर्माण सुरु भएको तामाङ संग्रहालयको भवनसमेत निर्माण पूरा हुन सकेको छैन । हेटौंडा-१० स्थित टिसिएनचौरमा निर्माण भइरहेको तामाङ संग्रहालयको भवन बजेट अभावका कारण अलपत्र परेको बताइएको छ । आर्थिक वर्ष २०८०/०८१ मा निर्माण सुरु गरिएको भवन तीन वर्ष पुग्दै गर्दा आधारभूत संरचनासमेत बनेको छैन । तामाङ जातिको संस्कार तथा संस्कृतिको संरक्षण तथा सूचना प्रदान गर्ने उद्देश्यले साढे दुई तले भवन निर्माणाधीन रहेको छ । संग्रहालयमा तामाङ समुदायको जीवनशैली झल्काउने सामग्रीहरु, तामाङ समुदायले प्रयोग गर्ने सामग्रीहरु, विवाह संस्कार, मृत्यु संस्कारलगायतका खानेकुरा, भेषभुषा तथा पोसाक, खेतीबाली, बाजागाजा, लोक संस्कृति, तामाङ समुदायका रहनसहन तथा जीवनशैली र लोप हुँदै गएका विषयहरुलाई संरक्षण गर्ने उद्देश्य रहेको छ । संग्रहालयमा तामाङ समुदायको संस्कृति प्रदर्शनस्थल, पुस्तकालय, सभाकक्षलगायतका संरचनाहरु समेत निर्माण गरिनेछ ।

हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले शिलान्यास गर्नुभएको संग्रहालयको भवन निर्माणका लागि हेटौंडा उपमहानगरपालिकाले पहिलो वर्ष ६१ लाख रुपैयाँ उपलब्ध गराएको थियो । संग्रहालयको भवन निर्माण गर्न नेपाल तामाङ घेदुङबाट १ लाख, ह्याङ्ला तामाङ समाजको तर्फबाट १ लाख ११ हजार र अन्य व्यक्ति तथा संस्थाहरुबाट ६ लाख रुपैयाँ संकलन गरिएको थियो । हेटौंडा उपमहानगरपालिकाबाट गत आर्थिक वर्ष २०८१/८२ मा पनि ४५ लाख रुपैयाँ बजेट उपलब्ध गराइएकोमा चालु आर्थिक वर्षमा ४० लाख रुपैयाँ बजेट विनियोजन भएको छ । संग्रहालय निर्माणका लागि भीमफेदी गाउँपालिका र बागमती गाउँपालिकाले पनि ५/५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । तीन करोड रुपैयाँ लागत अनुमान गरिएको संग्रहालय निर्माणका लागि एक करोड ५० लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको छ ।

तामाङ जातिको इतिहासलाई जगेर्ना गर्दै उनीहरुको जातीय तथा सांस्कृतिक पहिचानबारे अन्य जाति तथा तामाङ जातिकै नयाँ पिँढीलाई बुझाउन संग्रहालय निकै महत्वपूर्ण हुनेछ । विविध सामग्रीको संग्रहसँगै तिनको संरक्षण, शोध, प्रचार तथा प्रदर्शन गरिने संग्रहालयबाट धेरै मानिसले ज्ञान तथा मनोरञ्जन प्राप्त गर्न सक्दछन् । समयमै तामाङ संग्रहालय निर्माण सम्पन्न गरी तामाङ जातिको रहनसहन, जीवनशैली, भेषभुषा झल्कने धेरै भन्दा धेरै सामग्री संग्रह गरेर सञ्चालनमा ल्याउन सम्बद्ध पक्षले ध्यान दिनु आवश्यक छ । संग्रहालयलाई पूर्णता दिएर उचित व्यवस्थापन र सञ्चालनका लागि हेटौंडा उपमहानगरपालिकासँगै जिल्लाका अन्य पालिकाहरुले सहयोग गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अतिरिक्त त्रियाकलाप वा प्रतिभा प्रदर्शन गर्न अनुकूल छ ।
**वृष** : घरायसी कामकाजमा समय व्यतित हुने समय छ ।
**मिथुन** : घरायसी वातावरण सुधार आउने समय योग छ ।
**कर्कट** : काममा दत्तचित्त भएर लागि परिने समय छ ।
**सिंह** : आकस्मिक रुपमा धनागम हुने समय योग छ ।
**कन्या** : उपहार र पुरस्कार प्राप्त हुने समय योग छ ।
**तुला** : आफन्तको विषयको लागि समय दिइने छ ।
**वृश्चिक** : धार्मिक एवम् सामाजिक काममा मन जाने छ ।
**धनु** : दुःख र पीडा आइपर्ने समय योग देखिन्छ ।
**मकर** : साँझेदारी कामबाट लाभ प्राप्त हुने समय योग छ ।
**कुम्भ** : खानपानमा अरुची हुने समय योग छ ।
**मीन** : घरायसी काममा ध्यान पुऱ्याउनु राम्रो होला ।

# शिक्षामा राजनीतिक हस्तक्षेप र दलगत भागबण्डाको अन्त्यको अपेक्षा



✍ रमेश प्रसाद लामिछाने

१. भर्खर चुनाव सकिएको छ । निर्वाचनको प्रत्यक्षतर्फ परिणाम आइसकेको भए तापनि समानुपातिक तर्फको नतिजाको टुंगो लाग्न बाँकी नै छ । विजयी सांसदहरुलाई बधाई र शुभकामना ग्रहणको व्यस्तता कायम छ । आफन्त परिवार जनका अतिरिक्त सहयोगीहरुबाट विभिन्न स्वार्थ सहितको तीव्र भेटघाट प्रारम्भ भइसकेको छ। मतदाताहरुबाट समस्याहरु राख्ने काम शुरु गरिएको छ । चाकडीवालाहरु आफ्नै शैलीमा बधाई शुभकामनाका साथ सांसदसँग भेट गर्न लाम लागिसकेका छन् । सबैभन्दा हतार र आतुर त बिचौलियाहरु देखिएका छन् । व्यवसायीहरुको आफ्नै कुरो हुन सक्छ । जागिरेहरुको बिगत झैं भिन्न योजना मार्फत पदीय स्वार्थका बुट्टाहरु बनिरहेको हुनसक्छ। सरकारमा नजाँदैं डोकाका डोका सुझावका भारीहरु बोकाउन शुरु भैसकेको छ । प्रत्येक पेशा व्यवसायीका आआफ्नै स्वार्थ हुन्छन् । पहिले त सरकार बन्नुपऱ्यो । नयाँ सरकारको हनिमुन डेज सय दिन पर्खने फुर्सद यहाँ कसैलाई छैन । सपथ नलिँदै सांसदहरुलाई बधाई शुभकामनाका नाममा समस्याको पहाड तेर्स्याउने संस्थाहरु पनि कम छैनन् । अर्ति र उपदेशका बाढी शुरु भैसकेको सहजै देख्न सकिन्छ। प्रभावमा पारेर स्वार्थ पूरा गर्नेहरुको मालिक भक्तिमा पुरानै शैली हावी भएको स्पष्ट छ। विजयी सांसदहरु पनि अर्कै ग्रहबाट आएका त हैनन् । हेर्ने, बुझ्ने र ग्रहण गर्ने शैलीमा परिवर्तन नआएमा शहीदहरुको रगत मूल्यहीन सावित हुनेछ। विगतकालाई गाली गर्दैमा वर्तमान सप्रिने हैन, उदाहरणीय बनेर देखाउनै पर्छ ।

२. शक्तिशाली सरकार बन्दैछ। एउटै दलको दुई तिहाई सांसद ठट्टा होइन । यो समय इतिहासमा भिन्न पेज बन्दैछ । राष्ट्रिय स्वतन्त्र पार्टी प्रतिको जनविश्वास अनपेक्षित नै भन्नुपर्छ । कुनै पनि दलले नसोचेको परिणाम देखियो । स्वयम् रास्वपाले पनि यत्ति सिट जित्ने कल्पना गरेको थिएन होला । रास्वपाको चुनावी वाचा के थिए, भनेर एक एक केलाउनु स्वभाविक मान्नैपर्छ । सरकार बनेपछि कहाँबाट के-के नयाँ थालनी हुन्छ, त्यो उत्सुकतापूर्वक हेरिएको छ । जनताका अपेक्षाहरु महत्वाकांक्षी हुनु अन्यथा होईन । हामीले जितेपछि हाम्रो एकलौटी सरकार बने पश्चात यी यी कामहरु गर्नेछौं, हाम्रो पार्टीलाई भोट दिएर विजय बनाउनोस् भनेर अपिल गरेको क्षण सम्बन्धित पार्टीहरुले सम्झनै पर्छ । एक माघले जाडो जाँदैन भन्ने भनाई यहाँ स्मरणीय छ । सँगै जनताका चाहनाहरु सम्बोधन गर्ने प्राथमिकताको सूची भने आतुरतापूर्वक पर्खिनु पनि अस्वभाविक होईन । निर्वाचनका बेला दलगत घोषणापत्रका रुपमा रास्वपाले भने वाचापत्र प्रस्तुत गरेको थियो । उक्त वाचापत्रका विभिन्न शीर्षकहरु मध्ये शिक्षासँग जोडिएका सवालप्रति शिक्षा सरोकार वर्गको ध्यानाकर्षण भएको छ । हाम्रो शिक्षा व्यवस्था अस्तव्यस्त भएकै हो । विद्यालय शिक्षा मात्र होइन, उच्च शिक्षाको हविगत पनि हेर्न लायक नाजुक क्षणबाट गुज्रिरहेको तथ्य स्विकार्नै पर्दछ। विद्यालय शिक्षा ऐन र उच्च शिक्षा ऐन जारी गर्ने सवालमा सबै पार्टीहरुले घोषणापत्र वा प्रतिवद्धतापत्र वा वाचापत्र सबैमा उल्लेख गरेका छन् ।

३. शिक्षासँग जोडिएका सवालहरुबाट प्रमुख दलहरुले उठाएको एउटा विषयमा यो आलेख केन्द्रीत रहेको छ । रास्वपाले विशेषगरी शिक्षण संस्थाहरुमा राजनीतिक हस्तक्षेप र दलीय भागबण्डाको अन्त्य गरिने मुद्दा उठाएको छ । सरकारी विद्यालयहरुमा देखिएको राजनीतिक हस्तक्षेपलाई रास्वपाले गम्भिरता साथ महसुस गरेको भनिएको छ । यद्यपि यो विषयलाई अरु दलहरुले पनि जोडदार रुपमा अघि सारेका छन् । शिक्षामा राजनीतिक हस्तक्षेप र दलगत भागबण्डा क्यान्सर सरह नै सावित भएको तथ्यमा शंका छैन । विद्यालय व्यवस्थापन समितिका गठन हुँदा देखिएका भोगिएका हर्कतहरु जगजाहेर छन् । निस्वार्थ सामाजिक सेवा भनिएका समितिमा जानका लागि गरिएका क्रियाकलापहरु निकृष्ट भएकै कारणले यो विषय सतहमा आएको हुन सक्छ । विव्यसको अध्यक्ष बन्न गरिएका हर्कतहरु, आर्थिक चलखेल र जसरी पनि पदमा पुग्नका लागि गोली समेत चलेका घटनाहरुले राजनीतिक हस्तक्षेपलाई सहजै बुझ्न सकिन्छ । समितिका अध्यक्षदेखि सदस्यहरुसम्मको भागबण्डा गरेर दलहरुको प्रत्यक्ष हस्तक्षेपलाई स्थापित गर्ने र परम्परा नै बसाल्ने कामले सार्वजनिक शिक्षालाई ध्वस्त बनाउँदै नीजिकरणलाई प्रश्रय दिने काम भएकै हो। समितिको गठन पुनर्गठन मात्र होइन, शिक्षकहरुको सरुवा र नियुक्तिमा पनि उस्तै खेल देख्न सकिन्छ। विद्यालयमा खाँचो भएको विषय शिक्षक होइन, दलीय भागबण्डामा जो पर्छ, त्यो सरुवा हुने वा समिति बसेर भागबण्डा अनुसार रकमका आधारमा शिक्षक नियुक्त गरिने पद्दति नै बसाईयो । प्रधानाध्यापकको हकमा पनि उस्तै हर्कत बनाईयो । नियम कानूनलाई कुल्चेर सिधै हामीले गरेको नै नियम हो र हामी नै सर्वेसर्वा हौं भन्ने अभिमानले प्रधानाध्यापक पनि दलगत भागबण्डामा नियुक्त गरिँदै आएको तथ्य सबैले बुझेकै हुनुपर्छ ।

४. विश्वविद्यालय शिक्षामा दलीय हस्तक्षेप र भागबण्डा झनै टड्कारो देख्न सकिन्छ। उपकुलपति, डिन, कलेज प्रमुख, परीक्षा नियन्त्रक, रजिष्ट्रार, प्राध्यापक, कर्मचारी सबै नियुक्तिमा दलगत हस्तक्षेप र यो पद यो पार्टीको भागमा भन्दै बार्गेनिङ गर्ने र नभएसम्म पद नै रिक्त राख्ने हर्कत कतै छिपेको छैन । योग्यता र क्षमताका सवालहरुमा सम्बन्धित आयोगहरु केन्द्रित हुँदैनन्। संवैधानिक आयोगहरु समेत दलीय छाँयामा परेका घटनाहरुले गणतन्त्रलाई नै चुनौती दिएको स्पष्ट छ। दलका नेता अर्थात अध्यक्षको मुख ताकेर पर्खने र संकेत नभएसम्म सिफारिस नै नगर्ने ट्रेन्ड हावी भएकै हो । विश्वविद्यालय अनुदान आयोगमा गरिने नियुक्ति त झनै लज्जास्पद लाग्दछ । भेटी अर्थात दाम चढाएर नियुक्त हुने पदाधिकारीले सधैं बुझाएको रकमको साँवा-व्याज र अतिरिक्त कमाईको अवसर मात्र हेर्ने नै भयो । कलेज सम्वन्धन दिँदा रकम हेर्ने हो, मापदण्ड त कागजमा मात्र देखाईन्छ । नियमित अनुदानमा समेत कति रकम पाइन्छ भनेर हिसाब गर्नेहरुबाट हामी स्तरीय शिक्षा व्यवस्थाको अपेक्षा गर्दछौं । यो भन्दा बिडम्वना के नै हुन सक्छ ? झोले कलेजहरु बनाएर भवन निर्माणका नाममा करोडौं अनुदान दिने भ्रष्ट आयोगलाई कार्बाहीका दायरामा आएको हेर्न बाँकी छ । एउटा विश्वविद्यालय व्यवस्थित गर्न नसक्नेहरु डेढ दर्जन विश्वविद्यालयहरु स्थापना गरेर उच्च शिक्षामा दलगत हस्तक्षेपलाई संस्थागत बनाइरहेको तथ्य यो शक्तिशाली सरकारले विश्लेषण गर्नैपर्छ ।

५. दलीय हस्तक्षेपको अर्को सशक्त अंगका रुपमा शिक्षक तथा कर्मचारीहरुको संगठनलाई हेरिएको छ । ट्रेड युनियन अधिकारका नाममा गठन भएका शिक्षकका पेशागत संगठनहरु अहिले डेढ दर्जन पुगिसकेका छन् । प्रत्येक राजनीतिक पार्टीका घोषित वा अघोषित भगिनी संस्थाका रुपमा स्थापना भएका यी संगठनहरुले शिक्षण संस्थाहरुमा विशेष पहुँच राख्दछन् । आफ्नो पार्टीको सरकार बन्दा मन्त्रालयलाई नै प्रभावित पारी आफ्ना अनेकौं स्वार्थ पूरा गर्दछन्। पेशागत सम्मान र मर्यादासँग जोडिनु पर्ने शिक्षक र कर्मचारीका संगठनहरुबाट शिक्षण संस्थाहरु मात्र होइन, शिक्षा मन्त्रालय नै प्रभावित हुँदै आएकोमा कतै बिमति छैन । त्यस्तै विश्वविद्यालय तहमा पनि प्राध्यापकहरुको संगठनले सिधै हस्तक्षेप गरी सरुवा तथा नियुक्ति गर्न बाध्य बनाएका समाचार बाहिर आएकै छन् । यो गम्भिर विषय बन्न सक्छ ।

दलगत भागबण्डाको अन्त्य र राजनीतिक हस्तक्षेपबाट शिक्षण संस्थाहरुलाई मुक्त गर्ने कुरा जति प्रिय छ, त्यति नै जटिल पनि भएको तथ्य स्विकार्नै पर्दछ । शिक्षक, कर्मचारी र प्राध्यापकहरुको कानून बमोजिम तोकिएका ट्रेड युनियन सम्वद्ध अधिकारलाई कायम राखेर गलत हस्तक्षेपको अन्त्यका लागि सबैको सहयोग र समर्थन रहन सक्छ । सँगै, पेशागत संस्था एउटै बनाउनु राम्रो हुन्छ ।

प्रत्येक पार्टीका भगिनी संगठनहरुलाई पेशागत सम्मान र मर्यादासँग जोडेर राजनीतिक एजेण्डाबाट शैक्षिक एजेण्डामा रुपान्तरित गर्न जरुरी छ । यी पेशागत संस्थाका सवालमा समेत ऐन नियममै किटानी गरी दलगत हैन, एउटा मात्र पेशागत संगठन बनाउनु राम्रो हुन्छ । शिक्षण संस्थाहरुमा हुने दलीय भागबण्डा सहितको गलत हस्तक्षेप अन्त्यका लागि आगामी सरकारलाई सफलता मिलोस् भन्ने अपेक्षासहित शुभकामना व्यक्त गर्दछु ।

# म पनि नेपाल हाँसेको हेर्न चाहन्छु ?



✍ कल्याणी भण्डारी

आजभोलि, बितेका दिनहरूबाट सम्झनाका टुक्रा निकाल्दै मनन गर्न अनि तिनै टुक्राबाट कथाहरू बनाउन पाउँदा आनन्द लाग्छ। एउटा छोटो टुक्राः सानो छँदा, टिभी हेर्दै गर्दा, बाबा कोठाभित्र पसेको कत्ति मन पर्दैनथ्यो मलाई । आउनुहुन्थ्यो ट्याप्प हातबाट रिमोट खोसेर समाचार लाउनुहुन्थ्यो। आफूले केही बुझ्ने होइन, उकुसमुकुस हुन्थ्यो ।

आज भने समयले कोल्टे फेरेको छ । बाबासँग नै देश, विदेश, राजनीति अनि भ्रष्टाचारका कुराहरू हुन्छन्। मामुसँग भने यस्ता विषयमा कहिल्यै कुरा भएन । गत भदौको आन्दोलनपछि भने मामुले फोनमा भन्नुभएको थियो, '६२/६३ को बेलामा पनि मन पोलेर कति दिन निदाएकी थिइनँ। अहिले पनि तीन दिन जति भयो, टाउको दुख्न बिसेक नै भएको छैन । के हुने होला भनेर साह्रै मन पोलेको छ ।'

त्यसो त बौद्धिकताका हिसाबले मामु कलेज पढाउने लेक्चरर हुनुहुन्छ । तर उहाँसँग सधैं भावनात्मक र व्यक्तिगत कुराहरू मात्र हुने रहेछन् भन्ने ख्याल भयो । किन राजनीति, विकास अनि समृद्धिका कुराहरू भएनन् भनेर आफैलाई प्रश्न गरेँ । अनि कता-कता मन चसक्क भयो। मामुलाई कहाँ यस्ता कुराको लागि फुर्सद छ र ! उति बेला, बाबा समाचार हेर्न आएपछि म लुसुक्क पर्दै भान्सातिर लाग्थे । बिहान ६ बजेदेखि बेलुका ४ बजेसम्म पढाएर, घर फर्केर, परिवारजन सबैलाई खाना पकाइरहेकी मेरी मामुसँग गुनासो पोख्न । महिलाहरू राजनीति र नेतृत्वमा किन अगाडि छैनन् भन्ने प्रश्नको अनेकौं जवाफहरूमध्ये यो पृष्ठभूमि पनि सायद एक जवाफ होला ।

खयर, आज म यस विषयमा जाने छैन । मुख्य कुरा के भने, यस्ता कुराहरू दिमागमा खेल्दै गर्दा कतै म आफूले सोचेभन्दा र आफूलाई लागेभन्दा पुरानो पो भइसकें कि भन्ने डर लाग्छ । देशमा नयाँ र पुरानोको बिच ठिक र बेठिकको सिमाना यसरी खिचिइरहेको छ कि, मेरा व्यक्तिगत दर्शनहरू अलमलमा परेका छन् । विदेशमा भएका कारण अहिलेको चुनावका क्रियाकलापहरू मैले सामाजिक सञ्जालबाटै हेरिरहेकी थिएँ ।

यसैबिच आफ्नै संकोचमा रुमलिरहँदा, एकदिन बाबाले फोनमा सोध्नुभयो, 'विदेशतिरबाट त सबैले नयाँ पार्टीलाई भोट हाल्नुपर्छ भनेर दबाब दिँदैछन् रे ! त चाहिँ केही भन्दिनस्?' मेरो सोच भने नयाँ र पुरानोको सिमानाभन्दा टाढा, अन्त कतै थियो ।

निसंकोच रूपमा पुराना पार्टीहरूका निम्ति मेरा मनमा अथाह असन्तुष्टि छन् र नयाँ पार्टीसँग उति नै आशा पनि । नयाँ जोस र जाँगरको लहर, रहर लाग्दो छ । तर मेरो मन भने लोकतन्त्र र कर्मचारीतन्त्रमै अड्किरहेको छ । लोकतन्त्रले जनतालाई सबैभन्दा शक्तिशाली बनाउनुको साथै देशको समुन्नति र दुर्गति दुवैको उत्ति नै जिम्मेवारी लिन पनि सिकाउँछ । देशले नयाँ सरकार पाइरहेको बेला के हामी 'लोक'को सोच र व्यवहारमा पनि परिवर्तन आउन सक्ला ? यो मेरो लागि नयाँ पार्टीले बोकेको महत्वाकांक्षाभन्दा महत्त्वपूर्ण प्रश्न बनेको छ । दोस्रो महत्वपूर्ण तर तितो प्रश्न पनि छ; पुरानो सरकारमाथि हाबी भएको कर्मचारी र प्रशासनिक तन्त्रले नयाँ सरकारमा कस्तो प्रभाव पार्ला त ?

कृषि तथा पशुविज्ञान अध्ययन संस्थानमा स्नातक गरिरहँदा ठुटे विद्यार्थी राजनीतिको चपेटामा म लगायत मेरा साथीहरू नराम्ररी परेका थियौं । हाम्रो कलेजमा भर्ना भए लगत्तै, कुनै एक मूल राजनीतिक धारको विद्यार्थी संगठनमा आबद्ध हुनु अनिवार्य थियो । त्यसो नगर्दा, न होस्टेलमा कोठा नै पाइन्थ्यो न खाना खाने ठाउँ नै। शिक्षक, कर्मचारी, यहाँसम्म कि गैरसरकारी संस्थाहरू पनि पार्टीमा विभाजित थिए। सम्झिँदा अचम्म लाग्छ, तर उति बेला बाबालाई केही विद्यार्थी नेताहरूले तपाईंको छोरी हाम्रो पार्टीमा आबद्ध हुनुपर्छ है भनेर दबाब पनि दिएका थिए । ती विद्यार्थी नेताहरूले त्यसरी मरिहते गर्नुको उद्देश्य मलाई थाहा छैन तर विदेशमा रहेका छोराछोरीले भने पक्कै

...बाँकी पृष्ठ ३ मा

# प्रतिनिधिसभामा ९० प्रतिशत भन्दा बढी नयाँ अनुहार

काठमाडौं : अबको केही दिनमा गठन हुने प्रतिनिधिसभामा ९० प्रतिशत बढी नयाँ सांसदहरू देख्न पाइने भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले करिब दुई तिहाइ बहुमत पाएको निर्वाचनमा सबैजसो दलमा नयाँ जनप्रतिनिधिको बाहुल्यता रहने छ । समानुपातिकको नतिजा बाँकी छ, त्यहाँबाट पनि केही सीमित पुराना सांसदहरू बाहेक सबै नयाँ सांसद आउने छन्। सबै आँकडा केलाउँदा २७५ मध्ये करिब २५० जना सांसद नयाँ हुनेछन् ।

यसपालिको प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित १६५ जनामध्ये १४० जना नयाँ सांसद हुनेछन् । उनीहरू पहिलोपटक निर्वाचित भएकाहरू हुन् । त्यसरी निर्वाचित हुनेमध्ये अधिकांश रास्वपाका सांसद छन्। कांग्रेस, एमाले र नेकपाबाट निर्वाचितमध्ये पनि आधाभन्दा बढी नयाँ छन् । पुराना भनिएका २५ जनामा पनि अधिकांश अघिल्लो पटक मात्रै निर्वाचित भएका हुन् । पटकपटक सांसद भएका र संसदीय राजनीतिलाई पेसा बनाएकाहरू होइनन्, ती २५ जनामा रास्वपाका सांसदको बाहुल्यता छ।

प्रतिनिधिसभामा विभिन्न दलबाट १० जना सांसदहरू निर्वाचित भएका छन्, जो यसअघि नै पटकपटक संसदमा देखिएका अनुहार हुन् । रुकुम पूर्वबाट निर्वाचित नेकपा उम्मेदवार पुष्पकमल दाहाल, रोल्पाबाट निर्वाचित वर्षमान पुन, सर्लाही-४ मा रास्वपाबाट निर्वाचित अमरेशकुमार सिंह त्यसका उदाहरण हुन् । कांग्रेसका टेकबहादुर गुरुङ, पुष्पकमल दाहाल, वर्षमान पुन र धनबहादुर बुढा र महेन्द्रबहादुर शाही र मोहम्बर इस्तिहाक राई मात्रै दुई पटकभन्दा बढी निर्वाचित सांसद हुन् ।

धनकुटामा एमाले सांसद राजेन्द्रकुमार राई, मनाङमा कांग्रेसका टेकबहादुर गुरुङ, डोल्पामा नेकपाका धनबहादुर बुढा, कालिकोटमा नेकपाका महेन्द्रबहादुर शाही पनि यसअघि निर्वाचित सांसद हुन् । बाँके-२ का एमालेका मोहम्बद इस्तियाक राई र बाजुराबाट नेपाली कांग्रेसका जनकराज गिरी पनि पुरानै सांसद हुन्, जो यसपालि पनि निर्वाचित भए । सबैभन्दा बढी निर्वाचन क्षेत्र भएको काठमाडौं उपत्यकाले १५ सिटमध्ये तीन बाहेक सबै नयाँ सांसद पठायो। अघिल्लो पटक निर्वाचित भएका शिशिर खनाल, विराजभक्त श्रेष्ठ र गणेश पराजुली हुन् । यसपालि प्रत्यक्ष निर्वाचित डीपी अर्याल अघिल्लो पटक समानुपातिक सूचीमा थिए ।

२०७९ सालको प्रतिनिधिसभामा कैयौं सांसदहरू निर्वाचित भएर आएका थिए, जो यसपालि पनि दोहोरिएका छन् । रास्वपाबाट निर्वाचितमध्ये १२ जना दोहोरिएका छन्। रवि लामिछाने, हरि ढकाल, सोविता गौतम, निशा डाँगी, इन्दिरा राना मगर, मनिष झा, शिशिर खनाल, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, डीपी अर्याल र डा. तोसिमा कार्की यसपालि निर्वाचित भए । पूर्वसभामुख सुवास नेम्वाङको निधनका कारण भएको उपचुनावमा सुहाङ नेम्वाङ र रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भएका कारण भएको उपचुनावमा निर्वाचित डा. स्वर्णिम वाग्ले यसपालि पनि दोहोरिए । जुम्लाबाट निर्वाचित राप्रपा सांसद ज्ञानेन्द्र शाही र मुस्ताङबाट अघिल्लो पटक निर्वाचित कांग्रेस सांसद योगेश गौचन पनि दोहोरिएका छन् ।

११० सिटको समानुपातिक निर्वाचन प्रणालीमा पनि पुराना केही सांसदहरू दोहोरिन सक्छन्। तर केही सीमित बाहेक अधिकांश नयाँ सांसदहरू निर्वाचित हुने निश्चित छ। ५७/५८ सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टी, श्रम संस्कृति पार्टी र नेकपाले सबै नयाँ अनुहारलाई समानुपातिक सूचीमा राखेको छ । त्यहाँबाट कोही पनि पुराना सांसदहरू आउने सम्भावना छैन । एमालेका उषाकला राई, पदमा अर्याल, निरु पाल, कोमल वली र शान्ता चौधरी यसअघि निर्वाचित भइसकेका सांसद हुन् । तीमध्ये सबै होइन, केही मात्रै चुनिने भएकाले नयाँ अनुहार अझै बढ्ने छ ।

नेपाली कांग्रेसका भीष्मराज आङदेम्बे र अर्जुननरसिंह केसी मात्रै पटकपटक संसदीय राजनीतिमा देखिएका अनुहार हुन्, अरू सबै नयाँ छन्। समानुपातिकको ११० सिटमध्ये सबै दलको जोडेर १० जना पनि पुराना दाहोरिने सम्भावना छैन ।

यसपालिको चुनावमा दुई कारणले पुराना सांसदहरू संसदीय राजनीतिबाट टाढा हुने भएका हुन् । पहिलो, कतिपय दलहरूले उम्मेदवार बनाउँदा सीमित पुराना नेताहरूलाई मात्रै उम्मेदवार बनाएको थियो । अर्कोतर्फ उम्मेदवार बनेकाहरू पनि अधिकांश निर्वाचित हुन सकेका छैनन् । प्रत्यक्ष प्रणालीतर्फ १६५ निवर्तमान सांसदमध्ये ७० जना यो पटक प्रतिस्पर्धामा थिएनन् । ११० समानुपातिकमध्ये बढीमा १० जना मात्रै प्रतिस्पर्धामा थिए । आठ जना पूर्वसांसद आपसी प्रतिस्पर्धामा भएकाले निर्वाचित हुन सकेनन् । रास्वपाकी निवर्तमान सांसद सुमना श्रेष्ठ संसदीय प्रतिस्पर्धामा थिइनन्। सन्तोष परियार प्रगतिशील लोकतान्त्रिक पार्टीको समानुपातिक सूचीमा त थिए, तर प्रलोपाले थ्रेसहोल्ड कटाउन सकेन । कांग्रेसका शेरबहादुर देउवादेखि धनराज गुरुङ र उपसभापति विश्वप्रकाश शर्मा प्रतिस्पर्धामा थिएनन् । प्रकाशमान सिंहदेखि आरजु राणा प्रतिस्पर्धा बाहिर थिए । एमालेका टोपबहादुर रायमाझीदेखि योगेश भट्टराई अनि विद्या भट्टराईले प्रतिस्पर्धा गरेका थिएनन् ।

जुम्ला, झापा-२, सर्लाही-४ र धनुषा-३ मा एकभन्दा बढी निवर्तमान सांसदहरू आपसमा प्रतिस्पर्धा गरिरहेकाले उनीहरूमध्ये एक/एक जना मात्रै निर्वाचित भए । आपसी प्रतिस्पर्धाले ६ जना पूर्वसांसद प्रतिनिधिसभामा आउन रोकिए । सर्लाही-४ मा रास्वपाका अमरेशकुमार सिंह निर्वाचित हुँदा कांग्रेस सभापति गगन थापा पराजित भए। रास्वपा सांसद सिंह भने नयाँ अनुहार होइनन् । उनी पटकपटक कांग्रेसबाट निर्वाचित थिए भने अघिल्लो पटक स्वतन्त्र रूपमा निर्वाचन जितेका थिए।

झापा-२ मा इन्दिरा राना मगर निर्वाचित भएकाले निवर्तमान सभामुख देवराज घिमिरे र कांग्रेस समानुपातिक सांसद सरिता प्रसाईं प्रतिनिधिसभामा आउन सकेनन्। व्यवस्थापिका व्यवस्थापनको नेतृत्व गरेको अनुभव बोकेका राना मगर र घिमिरे आपसमा प्रतिस्पर्धा गरेकाले एक जना रोकिने निश्चित जस्तै थियो। धनुषा-३ मा रास्वपाका मनिष झा प्रतिस्पर्धामा थिए । एमालेकी पूर्वसांसद जुलीकुमारी महतो, कांग्रेसका समानुपातिक पूर्वसांसद विमलेन्द्र निधि पराजित भए। जुम्लाबाट राप्रपाका ज्ञानेन्द्रबहादुर शाहीले रास्वपाका विनिता कठायतलाई रोके।

अघिल्लो पटक समानुपातिबाट निर्वाचित एमालेका कोही पनि सांसद यसपालि प्रत्यक्ष र समानुपातिकको सूचीमा थिएनन् । तर २०७९ सालअघि निर्वाचितहरू भने सुरक्षित रहन समानुपातिक सूचीमा बसेका छन्। समानुपातिक सूचीमा रहेका रामबहादुर थापा नयाँ संविधान बनेपछिको प्रतिनिधिसभामा थिएनन् । पद्मा अर्याल २०७४ सालमा निर्वाचित सांसद हुन् । एमाले, कांग्रेस, रास्वपाले अघिल्लो निर्वाचनको समानुपातिक सूचीलाई दोहोऱ्याएका थिएनन् । एमालेले २०७९ सालका सांसदहरूलाई समानुपातिक सूचीमा राखेको छैन। तर त्यसअघि सांसद भइसकेका उषाकला राई, पदमा अर्याल, निरु पाल, कोमल वली र शान्ता चौधरीलाई सूचीमा राखेको छ।

कांग्रेसबाट अघिल्लो पटक समानुपातिक सूचीमा रहेका डा. प्रकाशशरण महत र बिमलेन्द्र निधि मात्रै प्रत्यक्ष प्रतिस्पर्धामा थिए, दुवै जना निर्वाचित हुन सकेनन् । माओवादी, एकीकृत समाजवादीलगायत अरू समूह मिलेर बनेको नेकपामा पनि समानुपातिक सूचीमा नयाँ अनुहार थिए, पुराना सांसद दोहोरिएनन्।

### बहुचर्चित नेता पराजित

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र माधवकुमार नेपाल आ-आफ्नो क्षेत्रमा पराजित भए । कांग्रेस सभापति गगन थापा निर्वाचित हुन सकेनन् । एमालेको संगठनमा रहेका महत्वपूर्ण व्यक्तिहरूले चुनाव जित्न सकेनन् भने कांग्रेसमा पनि त्यही हालत भयो । एमालेका ईश्वर पोखरेल, शंकर पोखरेल, प्रदिप ज्ञवाली, गोकर्ण विष्ट पराजित भए। कांग्रेसको केन्द्रीय राजनीतिमा प्रभाव राख्ने शेखर कोइरालासहित गुरुराज घिमिरे, प्रदिप पौडेल, विमलेन्द्र निधि लगायत पराजित भए।

मधेशमा क्रियाशील दलहरूका नेता एवं मधेशवादी दलका कुनै पनि प्रमुख नेताहरू निर्वाचित हुन सकेनन्। उपेन्द्र यादवदेखि राजेन्द्र महतो, सीके राउतलगायत पराजित भए। कांग्रेस एवं एमालेबाट मधेशमा क्रियाशील नेताहरु निर्वाचित हुन सकेनन्। मधेश प्रदेशका ३२ मध्ये ३० सिट रास्वपाले जितेको छ । संसदीय राजनीतिमा सदाबहार निर्वाचित सांसदहरू यसपालि प्रतिनिधिसभामा देखिने छैनन् । पञ्चायतकालमा रजगज गरेका शरदसिंह भण्डारी पराजित भएका छन् । महन्थ ठाकुर राष्ट्रिय सभातिर लागेका छन्। २०४६ सालको परिवर्तनपछि राजनीतिमा लागेका धेरै अनुहारहरू निर्वाचित छैनन्।

पञ्चायतको पतनसँगै त्यही राजनीतिक आस्थाबाट खुलेको राप्रपामा समेत युवा अनुहार आएका छन्। प्रतिस्पर्धामा रहेका राप्रपाका कमल थापा जमानत जफतसहित पराजित हुनुपऱ्यो। टिप्पणीकार नवीन तिवारी नेपालको प्रजातान्त्रिक एवं लोकतान्त्रिक संघर्षमा कांग्रेस, एमाले र माओवादीको योगदान रहे पनि ती दलका नेताहरूले नेपालको राजनीतिलाई जमेको पोखरी जस्तो बनाइदिएको टिप्पणी गर्छन् । 'उनीहरूले विगतमा संघर्ष गरेका थिए, तर नेताहरूले त्यसको ब्याज खान खोजिरहे, प्रतिफल दिएनन्,' तिवारी भन्छन्, 'जनताले त्यो प्रवृति स्वीकार गरेनन्। तीन दलीय सिन्डिकेटको भाष्यका कारण उनीहरूले आफ्नो मत बदलेर नयाँ राय प्रकट गरेका हुन्।'

### युवा बाहुल्य

३० वर्षमुनिका १३ जना सांसद चुनिएका छन्। जसमध्ये सबै रास्वपाका छन् भने एकजना मात्रै श्रम संस्कृति पार्टीका छन्। ४० वर्षमुनिका सांसदको संख्या ६२ छ। ५० वर्षमुनिका सांसदहरु ११९ जना छन् । पाका सांसदहरूको संख्या उल्लेख्य रूपमा घटेको छ । पुष्पकमल दाहाल र महावीर पुन बाहेक कोही पनि ७० कटेका सांसद छैनन्। ६० कटेका सांसद १३ जना मात्रै छन्। प्रत्यक्षतर्फ सांसदहरूको औसत उमेर नै ४३ छ र ८२ जना सांसद त्यो उमेर समूहभन्दा मुनिका छन्। तर समानुपातिक सांसद चयनपछि भने आँकडा केही फेरबदल हुनसक्छ।

प्रत्यक्षको तुलनामा समानुपातिकमा केही प्रौढ उम्मेदवारको सूची छ। तुलनात्मक रूपमा रास्वपा बाहेकका दलहरूले प्रौढलाई ज्यादा उम्मेदवार बनाएका छन् । जबकि, मतका आधारमा उनीहरूले कम सांसद चुन्न पाउँछन्। कम्तीमा पनि ५७/५८ सांसद चुन्न पाउने रास्वपामा भने तुलनात्मक रूपमा युवा बढी छन् ।

### अभियान चलेन, असर देखियो

२०७९ सालको प्रतिनिधिसभामा निकै चलेको अभियान हो, 'नो नट अगेन' । संसदीय राजनीतिमा बारम्बार निर्वाचित हुने तर जनताको हितमा काम नगर्ने सांसदहरूलाई जनताको मतबाट निषेध गर्नुपर्छ भनेर केहीले 'नो नट अगेन' अभियान चलेको थियो । अभियानका कारण केही उम्मेदवार अप्ठेरोमा समेत परेका थिए । निर्वाचन आयोगले नै 'नो नट अगेन' भनेर व्यक्ति किटान गरी निषेध गर्न मिल्दैन भनी निर्देशन जारी गरेपछि अभियानमा संलग्नहरू सर्वोच्च अदालतसम्म पुगे । अदालतले उनीहरूलाई नरोक्नू भनी आदेश जारी गऱ्यो।

गत वर्षको तुलनामा यसपालि भने 'नो नट अगेन' अभियान चलेन। तर मत परिणाम अघिल्लो पटक अभियान चलाएका व्यक्तिहरूले चाहेअनुसार आए जस्तो भयो। टिप्पणीकार नवीन तिवारी साढे तीन वर्षअघि 'नो नट अगेन' अभियान चल्दा पनि पुराना दल र नेताहरूप्रति जनताको विश्वास टुटिनसकेको निष्कर्ष सुनाउँछन् ।

'त्यति हुँदाहुँदै पनि उनीहरूले कार्यशैली बदल्न सकेनन् । सत्तामा टाँसिएर बस्ने र जनताको हितमा केही काम नगर्ने शैली दोहोऱ्याए,' तिवारी भन्छन्, 'कैयौं नेताहरूलाई मैले जे गर्दा पनि हुन्छ, जनताले भोट दिइहाल्छन् भन्ने दम्भ थियो, यस पटक तोडिएको देखिन्छ।'

### असफल हुने छुट छैन

टिप्पणीकार नवीन तिवारीको बुझाइमा अनुभवहीन हुनु आफैंमा अयोग्यता होइन। तर अनुभवविहीनको बाहुल्य रहने अबको प्रतिनिधिसभाले त्यसैलाई चुनौतीको रूपमा सामना गरेर नतिजामुखी संसदीय अभ्यासमा आफूलाई ढाल्नु पर्नेछ। 'उहाँहरूमध्ये केहीलाई समाजमा चलेको लोकप्रियवादले यहाँसम्म आउन सहयोग गऱ्यो, अब भने आफूलाई पुष्टि गर्नुपर्ने छ,' उनी भन्छन्, 'अब पुरानालाई गाली गरेर मात्रै पुग्दैन, आफैंले पनि काम गरेर देखाउनु पर्नेछ ।'

एमाले नेता उषाकिरण तिम्सिना जनमतबाट चयन भएका सांसदहरूलाई उमेर र अनुभवका आधारमा प्रश्न गर्न जाजय नहुने बताउँछिन् । 'हिजोका सांसदहरूलाई पनि सबै कुराको क्षमता र ज्ञान थिएन। त्यस्तो अवस्थामा त विज्ञ र विशेषज्ञहरूको सहयोग लिन पाइहालिन्छ,' तिम्सिना भन्छिन्, '२५/३० वर्षको उमेर आफैंमा परिपक्व हो । अरूलाई जस्तै उहाँहरूलाई पनि चुनौती छ । अहिले जुन धरातलबाट आउनुभएको छ, अब असफल हुने छुट छैन भन्ने बुझेर नतिजा देखिने गरी काम गर्नुपर्ने छ ।'

*स्रोत : अनलाइनखबर।*

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/११/२७ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक : सिता गुरागाई र सरस्वती गुरागाई (बुहारी)
जग्गावाला : इन्दिरा कुमारी गुरागाई

यसम जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ का हाम्री सासू इन्दिरा कुमारी गुरागाईको नाममा नाप नक्सा भएको कि.नं. ३७० को क्षेत्रफल ज.वि. ०१८-१.५ जग्गाको फोर्ड कि.नं. २७३० को क्षेत्रफल ज.वि. ०-४-१० जग्गाको बाँकी कायम प्लककट रजिष्टर समेत निजकै नाममा कायम भई साविक हटिया आँकडा मौजेको रैती नं.६८ को रैती निज फिल्डबुकवालाको पति हाम्रो ससुरा कर्ण बहादुर गुरागाईको नाममा साविक भोग लगत कायम रही दर्ता गर्न छुट भएकोमा निज हाम्री सासू इन्दिरा कुमारी गुरागाईको मिति २०७०/०४/०१ मा मृत्यु भएको र निजको पति कर्ण बहादुर गुरागाईको पनि मिति २०७५/०२/०४ मा मृत्यु भइसकेकोमा निजहरुको हकखाने हकदारहरुमा चार जना छोरीहरु भएकोमा विवाहदान भई पर घर गइसकेको र दुई छोराहरुमा जेठो रघुनाथ गुरागाई भएकोमा निजको पनि मिति २०६३/०७/०६ मा मृत्यु भईसकेको र निजको हकमा हकखाने नजिकका हकदार एक मात्र पत्नि सिता गुरागाई भएको साथै कान्छो छोरा हरि चन्द्र गुरागाई भएकोमा निजको पनि मिति २०७६/०७/०२ मा मृत्यु भएको र निजको हकखाने नजिकको हकदार एक मात्र पत्नि सरस्वती गुरागाई भएको र उल्लेखित जग्गा निजहरुले नै साविक फिल्डबुकवालाको मृत्यु पूर्व र पछि समेत निरन्तर भोग चलन गरी हकभोग गरी आएकोले निज निवेदक नजिकका हकदारहरु सिता गुरागाई र सरस्वती गुरागाईको नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि हेटौंडा उपमहानगर पालिका १८ नम्बर वडा कार्यालयको च.नं. २२१ मिति २०८२/०४/१९ को छुट जग्गा दर्ता सम्बन्धी हकभोग खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, मृत्यु दर्ता प्रमाणपत्रहरु, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं./मि.नं. २१९ मिति २०८२/०९/०८ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: उल्लेखित तपशिलका जग्गा निवेदकहरुको माग दावी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन।

**तपसिल**

| सि.नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | ईन्द्र कुमारी गुरागाई गा.पं. हटिया वडा नं. ८ पति-कर्या बहादुर ससुरा-प्रसा सिं | हटिया | ८ | ३७० को फोर्ड कि.नं. २७३० | ०-४-१० | सिता गुरागाई र सरस्वती गुरागाई | जिल्ला मकवानपुर, हटिया, मौजे-हटिया आँकडा, रै. नं. ६८ को रैती कर्ण बहादुर गुरागाई |

## म पनि...

पनि देश सप्रिने आसमा नयाँ पार्टीलाई भोट दिन भनेको हुनुपर्छ ।

यो सत्य हो कि देश समस्याले लुप्त छ तर यो पनि सत्य हो कि त्यसको जिम्मेवार सरकार सँगसँगै समाज, कर्मचारी र जनता पनि हुन्। उदाहरणका लागि मेरै स्मृतिबाट निकालिएका केही कथाका शीर्षकहरू:

-वडा स्तरीय कार्यक्रममा बनेको फर्जी बिल
-नगरप्रमुखकी छोरी आन्तरिक परीक्षाबाटै बनिन् करार अधिकृत
-पार्टीको झन्डामुनि ओथारो बसेको पत्रकारिता
-प्राध्यापकले पार्टी विशेष गरेको विभेद
-भनसुन गरेर छिट्टै हात परेको पासपोर्ट
-फलानो दाइको मानसिकता:'नेताको चाकरी, खान पाइन्छ काम नगरी'
-कन्सल्टेन्सीले दिएको फर्जी डिग्री
-गाडीको झ्यालबाट उडेको चाउचाउको खोल
-नाकाबन्दीमा रु १,०००/- प्रति लिटरमा किनेको पेट्रोल
-अर्कै पार्टीको भएका कारण हुन नसकेको सिफारिस
-रु १ लाख तिरेर गरिएको सरुवा आदि, इत्यादि ।

मलाई लाग्छ यी उदाहरणहरूलाई 'अवसरवाद' शब्दमा पोको पारेर अटाउन सकिन्छ । हामी आफै समीक्षा गरौं न ! कतै हामीले देश विकासको गफ लडाउँदै, नारा लगाउँदै र प्रचार फैलाउँदै गर्दा, काम र फाइदा भने खुम्च्याएर, कताबाट हुन्छ साँघुराएर, आफ्नै लागि मात्र केन्द्रित गराउनु खोज्यौं कि ? मानव व्यवहार हो आफ्नोलाई राम्रो ठान्नु । हामीलाई हरेक कुरा 'आफ्नो' भन्ने बित्तिकै अलि बढी स्नेह, माया अनि उद्धार जागेर आउँछ । तर तपाईं हामीले आफ्नो र आफ्नाहरूको दायरा कति फैलिन दिएका छौं भन्ने कुरा महत्वपूर्ण छ ।

सरकार त देशमा निरन्तर फेरी नै रहला तर जबसम्म हामी स्वयं आफूवादबाट उम्कन सक्दैनौं, नयाँ भनिएका फेरि पुराना भन्न धेरै समय लाग्दैन। भदौमा भएको जेन्जी आन्दोलनको झट्का पक्कै पनि हामी सबैलाई लागेको छ। तर अझै पनि आफ्नो आङको भैंसी नदेखी, देश विकास भएन भन्दै सबै दोष सरकारलाई नै लगाइरहेका छौं भने सायद हामी पनि मूर्ख हौं । खोर पुरानो भएर बाख्रा मारिए भन्ने थाहा हुँदाहुँदै यदि हामीले सबै दोष बाघलाई दिन्छौं भने सायद हामी पनि हत्यारा हौं ।

सरकारले आज नयाँ बाटो पाउँदा मेरा खुट्टा भुइँमा छैनन् । तर त्यसै गरी हामी सबैको घैंटोमा घाम लागोस् भने चाहनाको हुर्को पनि उत्तिकै छ । यसो भन्दै गर्दा सबै दोष जनताकै हो भने पक्कै भन्न खोजेको होइन । राम्रो नेतृत्व, देश विकासको पहिलो आधार हो र त्यसैका अभावका कारण देश शोकमा डुब्नुपऱ्यो । त्यस घडीमा प्रधानमन्त्री सुशीला कार्कीको अन्तरिम सरकारले लिएको जिम्मेवारी र समयमै सम्पन्न गराएको चुनाव, एक असल नेतृत्वको उदाहरण हो ।

आशा गरौं, हाम्रो प्रतिनिधित्व गर्न आइरहेको नयाँ सरकारको नेतृत्वले पनि एकबद्ध रूपमा निष्पक्ष, स्पष्ट, पारदर्शी र जनताका मागअनुसार जवाफदेही भई भ्रष्टाचार, असमानता र आफूवादमा विक्षेपित संस्था र निकायहरूमा परिवर्तनको घण्टी बजाउने छ । आखिर तपाईं जस्तै, म पनि त नेपाल हाँसेको हेर्न चाहन्छु ।

*(स्रोत: सेतोपाटी)*

## मोटरसाइकल हराएको सूचना

हेटौंडा–४, पशुपति मन्दिर पछाडी कृष्ण सापकोटाको बा.प्र. ०३–००६ प २४९५ नम्बरको कालो र रातो रङ्गको २२० सिसीको F ABS पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A13EX8SCM81667, इन्जिन नम्बर म्प्ह्त्र्क ज्ञघद्धछछ) पौष १७ गतेका दिन बेलुका ७:३० बजेको समयमा घर अगाडी पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।

**सम्पर्क :९८४४२४९०५१**

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

### प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट

# मकवानपुरको लगातार दोस्रो हार




*म्यान अफ द म्याच सन्दिप पराजुलीलाई ट्रफी हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडा : पुरुष एक दिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत बागमती प्रदेशस्तरीय छनोट प्रतियोगितामा मकवानपुरले लगातार दोस्रो हार व्यवहोरेको छ। बुधबार काठमाडौंसँग ५ विकेटले पराजित भएको छ । यसअघि पहिलो खेलमा भक्तपुरसँग पराजित भएको थियो ।

बुधबार तल्लो मुलपानी क्रिकेट मैदानमा भएको खेलमा टस जितेर व्याटिङ रोजेको मकवानपुरले ३१ दशमलव २ ओभरमा १ सय ३० रनमा अलआउट हुन पुग्यो । मकवानपुरका लागि सक्षम बस्टाकोटीले सर्वाधिक ४२ रन बनाए । तक्षक सिम्खडाले १९ रन र स्वरुप श्रेष्ठले १४ रनको योगदान गरे । मकवानपुरका शुभ कंसाकारले २ विकेट, रिजन ढकाल, सकार गजुरेल र स्वरुप श्रेष्ठले समान १/१ विकेट लिए ।

१ सय ३१ रनको झिनो लक्ष्य पछ्याएको काठमाडौंले ५ विकेटको क्षतिमा जित दर्ता गर्‍यो। काठमाडौंले २६ दशमलव १ ओभरमा ५ विकेट गुमाएर लक्ष्य भेटाएको हो। काठमाडौंका रित गौतम र उत्तम थापा मगरले समान ३६/३६ रन बनाए । संदिप पराजुलीले ४ विकेट र दयानन्द मण्डलले ३ विकेट लिए। खेलमा उत्कृष्ट बल्लिङ गरेका काठमाडौंका संदिप पराजुली म्यान अफ द म्याच घोषित भए । यसअघि सोमबार भएको खेलमा काठमाडौंले नुवाकोटलाई ५९ रनले पराजित गरेको थियो। मकवानपुरले आज बिहिबार नुवाकोटसँग खेल्नेछ । २ खेल खेलेको काठमाडौं ४ अंकसहित अंक तालिकाको दोस्रो स्थान रहेको छ भने अंकविहिन मकवानपुर तालिकाको पाँचौं स्थानमा रहेको छ । तीन खेल जितेको ललितपुर तालिकाको शीर्षक स्थानमा छ। प्रतियोगितामा ७ वटा टोली सहभागी छन्। बुधबार नै भएको खेलमा भक्तपुरले त्रिभुवन विश्वविद्यालयको टिमलाई ६ विकेटले जितेको छ । यस्तै ललितपुरले चितवनलाई ७ विकेटले जितेको छ ।

# भऱ्याङबाट लडेर मृत्यु

समाज संवाददाता

हेटौंडा : सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका-५, बोटेनीमा भऱ्याङबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ६१ वर्षीय डम्बर बहादुर राई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । राई मंगलबार बेलुका ७ बजेर ३० मिनेटको समयमा घरको भऱ्याङ चढ्ने क्रममा लडेर टाउको ठोक्किएर घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# फेमकोल एकेडेमीमा निःशुल्क स्वास्थ्य शिविर हुने

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१३, पदमपोखरीस्थित फेमकोल एकेडेमीमा शुक्रबार निःशुल्क स्वास्थ्य शिविर आयोजना हुने भएको छ । शिविरमा विद्यार्थीहरूको आँखा, दाँत र कानको परीक्षण गरिनुका साथै रगत समूह परीक्षण र आवश्यक स्वास्थ्य परामर्श सेवा प्रदान गरिने विद्यालयकी प्रशासन प्रमुख सुष्मा नकर्मीले जानकारी दिनुभएको छ।

शिविरमा डा. रञ्जनाले विद्यार्थीहरुको दाँत जाँच गर्नुहुने छ। शिविरमा पदमपोखरी अस्पताल र रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहने विद्यालय प्रशासनले जनाएको छ। विद्यालयले विगत ४ वर्षदेखि निरन्तर रूपमा यस्ता स्वास्थ्य शिविरहरू आयोजना गर्दै आएको छ । १० कक्षासम्म पठनपाठन हुने फेमकोल एकेडेमीमा ७ सय विद्यार्थी अध्ययनरत छन् । विद्यालयमै स्वास्थ्य शिविर आयोजना भएपछि विद्यार्थीहरूले सहजै स्वास्थ्य परीक्षण गराउन पाउने र स्वास्थ्य अवस्थाबारे जानकारी लिन पाउने छन् ।

# प्रदेश निर्वाचन कार्यालयद्वारा धन्यवाद व्यक्त

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश निर्वाचन कार्यालयले प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ लाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण सरोकारवाला निकायहरूलाई धन्यवाद व्यक्त गरेको छ। बुधबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा आयोजित 'प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ समीक्षा तथा धन्यवाद कार्यक्रम' मार्फत कार्यालयले आभार प्रकट गरेको हो ।

मकवानपुर जिल्लामा मंगलबार समानुपातिकतर्फको मतगणना सकिएसँगै निर्वाचनको सम्पूर्ण प्रक्रिया पूरा भएको छ । गत माघ २ गते जिल्ला निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै सुरु भएको निर्वाचन प्रक्रिया अहिले विधिवत रूपमा सम्पन्न भएको निर्वाचन कार्यालयले जनाएको छ। कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले निर्वाचनको संक्षिप्त समीक्षा प्रस्तुत गर्नुभयो। समीक्षा कार्यक्रममा निर्वाचनका क्रममा देखिएका चुनौती, सिकिएका पाठ र आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरूबारे पनि छलफल गरिएको थियो ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुरमा प्रत्यक्षतर्फ १ लाख ८६ हजार ९५९ जनाले मतदान गरेका थिए भने समानुपातिकतर्फ १ लाख ८८ हजार २६६ जना मतदाताले मतदान गरेका थिए । मकवानपुर जिल्लामा प्रत्यक्षतर्फ कुल ३ लाख १५ हजार ३३४ जना मतदातामध्ये ५९ दशमलव २९ प्रतिशत र समानुपातिकतर्फ कुल मतदाता ३ लाख १८ हजार ६४१ जनामध्ये ५९ दशलव ०८ प्रतिशत मतदाताले निर्वाचनमा भाग लिएका थिए। यसअघि २०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ ५९ दशमलव ०८ प्रतिशत र समानुपातिकतर्फ ५९ दशमलव ०६ मत खसेको थियो ।

मकवानपुर जिल्लामा दुई वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेको छ । फागुन २१ को निर्वाचनमा क्षेत्र नम्बर १ मा प्रत्यक्षतर्फ कुल १ लाख ५८ हजार ४३५ मतदाताको ६० दशमलव ४९ प्रतिशत अर्थात ९५ हजार ८४३ मत खसेको थियो । जसमध्ये ९० हजार ७२५ (९४ दशमलव ६६ प्रतिशत) मत सदर हुँदा ५ हजार ११८ (४ दशमलव ३४ प्रतिशत) मत बदर भएको थियो । यसैगरी, समानुपातिकतर्फ १ हजार ६१ हजार ५५१ जना मतदातामध्ये ५९ दशमलव ७१ प्रतिशत अर्थात ९६ हजार ४५८ जनाले मतदान गरेका थिए । जसमध्ये ९३ हजार ७१ (९६ दशमलव ४९ प्रतिशत) मत सदर हुँदा ३ हजार ३८७ (३ दशमलव ५१ प्रतिशत) मत बदर भएको थियो ।

यस्तै, क्षेत्र नम्बर २ मा प्रत्यक्षतर्फ कुल १ लाख ५६ हजार ८९९ जना मतदातामध्ये ५८ दशमलव ०७ प्रतिशत अर्थात ९१ हजार ११६ जनाले मतदान गरेका थिए । जसमध्ये ८५ हजार ६१९ मत (९३ दशमलव ९७ प्रतिशत) सदर हुँदा ५ हजार ४९७ मत (६ दशमलव ०३ प्रतिशत) बदर भएको थियो । समानुपातिकतर्फ पनि करिब ५९ प्रतिशत अर्थात कुल १ लाख ५७ अजार ९० मतदातामध्ये ९१ हजार ८०८ जनाले मतदान गरेका थिए। जसमध्ये ८७ हजार ७३८ मत (९५ दशमलव ५७ प्रतिशत) सदर हुँदा ४ हजार ७० मत ( ४ दशमलव ४३ प्रतिशत) बदर भएको थियो ।

प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२ मा क्षेत्र नम्बर १ का २३ जना उम्मेदवारमध्ये १८ जनाको धरौटी जफत भएको छ । क्षेत्र नम्बर २ का २१ जना उम्मेदवारमध्ये १७ जनाको धरौटी जफत भएको छ। फागुन २१ गते सम्पन्न भएको निर्वाचनमा क्षेत्र नम्बर १ मा ६२ वटा र क्षेत्र नम्बर २ मा १०५ वटा गरी मकवानपुर जिल्लामा कुल १६७ वटा मतदान केन्द्र रहेको थियो ।

# समानुपातिकतर्फ ५१ दलले कटाएनन् 'थ्रेस होल्ड'

काठमाडौं : प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना सकिएसँगै निर्वाचनमा भाग लिएकामध्ये ५१ दलले थ्रेस होल्ड (संसद्मा प्रतिनिधित्वका लागि राजनीतिक दलले ल्याउनुपर्ने न्यूनतम मतको सीमा) भन्दा कम मत प्राप्त गरेका छन् । यही फागुन २१ गते सम्पन्न निर्वाचनमा समानुपातिक प्रणालीतर्फ संयुक्त निर्वाचन चिह्नसहित कूल ५७ दलले भाग लिएकामा छ दलले संसद्मा प्रवेश पाउने अवस्था देखिंदा ५१ दलले न्यूनतम मत सीमा कटाएका छैनन् ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत खसेको मतमध्ये कुल सदर मतको कम्तीमा तीन प्रतिशत प्राप्त गरेका दललाई मात्रै सिट बाँडफाँट गरिने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ । सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत संख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधिसभाको सदस्यमा निर्वाचित हुने कानुनी व्यवस्था रहेको निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

उनका अनुसार समानुपातिकतर्फ एक करोड सात लाख ३९ हजार ११५ सदर मत गणना भएकामा राष्ट्रिय स्वतन्त्र पार्टीले ५१ लाख ३९ हजार २३५ सहित अग्रता हासिल गरेको छ। नेपाली कांग्रेसले १७ लाख ४९ हजार ५८३, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले १४ लाख चार हजार ८५४, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आठ लाख पाँच हजार ७७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजार ६४९ र राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन लाख २९ हजार ४७२ मत हासिल गरेका छन् । यी बाहेकअन्य दलले थ्रेस होल्ड कटाउन नसकेका उनले बताए ।

न्यूनतम मत सीमा नकटाउने दलमा जनमत समाजवादी पार्टी (जसपा) नेपालको एक लाख ७४ हजार ३१७, राष्ट्रिय परिवर्तन पार्टीको एक लाख ७१ हजार ५०१, जनमत पार्टीले ७९ हजार, एकल चिह्न चकिया (जाँतो, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल)ले ६१ हजार ६७७, नेपाल मजदुर किसान पार्टीले ४२ हजार २४६, राष्ट्र निर्माण दल नेपालले ३८ हजार ९३३, राष्ट्रिय जनमोर्चाले २९ हजार ४४२, एकल चिह्न बस (नेपाल सङ्घीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनता संरक्षण पार्टी)ले २८ हजार १७८, प्रगतिशील लोकतान्त्रिक पार्टीले २४ हजार ६१७, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले २३ हजार ८५१, मङ्गोल नेशनल अर्गनाइजेशनले २० हजार ८०६, एक चिह्न मोबाइल (आम जनता पार्टी, जनादेश पार्टी नेपाल)ले १३ हजार ४४५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिए ।

त्यसैगरी राष्ट्रिय मुक्ति आन्दोलन नेपालले १० हजार ६९५, संयुक्त नागरिक पार्टीको ९८०, स्वाभिमान पार्टीको आठ हजार १३२, राष्ट्रिय जनमुक्ति पार्टीको सात हजार २०७, नेपाल जनता पार्टीको सात हजार १५३, राष्ट्रिय एकता दलको सात हजार ५०, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेलिनवादी) ले छ हजार १६२, राष्ट्रिय गौरव पार्टीले पाँच हजार २४१, नेशनल रिपब्लिक नेपालले पाँच हजार १५७, नेपालका लागि नेपाली पार्टीले पाँच हजार सात, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)ले चार हजार ८२३, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले चार हजार ६६८, नेपाल कम्युनिष्ट पार्टी ( संयुक्त) ले चार हजार ५०८, राष्ट्रिय ऊर्जा पार्टी नेपालले चार हजार ३१२, समाजवादी पार्टी नेपालको चार हजार २४८, गतिशील लोकतान्त्रिक पार्टीले चार हजार २४८ प्राप्त गरेका छन् ।

नेपाल लोकतान्त्रिक पार्टीले चार हजार १००, नेपाल मातृभूमि पार्टीले दुई हजार ९७२, राष्ट्रिय जनता पार्टी नेपालको दुई हजार ९२५, बहुजन शक्ति पार्टी नेपालको दुई हजार २६६, नेपाल जनमुक्ति पार्टीले दुई हजार १६२, जनअधिकार पार्टीले दुई हजार १०५, नेपाल सद्भावना पार्टीले दुई हजार १५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिए। पिपुल फष्ट पार्टी, नेपाली कांग्रेस (बिपी), नागरिक शक्ति नेपाल, नेपाल जनश्रमदान संस्कृति पार्टी, नेपाली जनता दल, समावेशी समाजवादी पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, एकल चिह्न जगर भएको सिंह (सचेत नेपाली पार्टी, नागरिक सर्वोच्चता पार्टी नेपाल) र जनप्रिय लोकतान्त्रिक पार्टीले दुई हजार भन्दा कम मत प्राप्त गरेका उनले बताए।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुन्छ। निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू नहुने आयोगले जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था रहेको आयोगका सहप्रवक्ता जिसीले जानकारी दिए । उनका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्नेछन् ।

*अनलाइनखबर/रासस ।*






जनहितका लागि
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ